लुम्बिनी प्रदेश सरकार
वन तथा वातावरण मन्त्रालय
वन निर्देशनालय
बुटवल, रुपन्देही, नेपाल

२०८२/१२/२३
ईश्वरी प्रसाद पौडेल
महानिर्देशक

# सवारी साधन भाडामा लिने सम्बन्धी सूचना

## प्रथम पटक प्रकाशित मितिः २०८२/१२/२३

प्रस्तुत विषयमा यस निर्देशनालयको मिति २०८२/१२/१८ गतेको बैठकको निर्णय अनुसार समृद्धिका लागि वन कार्यक्रम तर्फको निर्देशनालय प्रादेशिक परियोजना व्यवस्थापन इकाईबाट फिल्ड अनुगमन तथा भ्रमणका लागि Full Body Scorpio सवारी साधन चालक सहित भाडामा लिनु पर्ने भएकाले इच्छुक फर्म वा कम्पनी तथा सवारी धनिहरुले यो सूचना प्रकाशन भएको मितिले सात(७) दिन भित्र निम्न शर्तहरुको अधिनमा रहि ईन्धन बाहेक मासिक रुपमा के कति दररेटमा सवारी साधन भाडामा उपलब्ध गराउन सकिन्छ, सो सम्बन्धमा यस निर्देशनालयमा निवेदन पेश गर्न यो सूचना प्रकाशन गरिएको छ ।

पेश गर्नुपर्ने कागजातहरुः

क. व्यक्तिको हकमा

१.नेपाली नागरिकताको प्रतिलिपी ।

२. सवारी चालक अनुमतिपत्रको प्रतिलिपी(नवीकरण भएको), सवारी साधनको ब्लुबुकको प्रतिलिपी(नवीकरण भएको।

३.सवारी साधनको पूर्ण बिमाको प्रमाणित कागजातको प्रतिलिपी।

४. मासिक रुपमा उपलब्ध गराउने(कर सहित) दररेट खुलाइ लिखित निवेदन।

ख. कम्पनी वा फर्मको हकमा

१.फर्म वा कम्पनी दर्ता, नवीकरण सम्बन्धी कागजातहरुको प्रमाणित प्रतिलिपी।

२. कर चुक्ता प्रमाणपत्रको प्रतिलिपी।

३. सवारी चालकको चालक अनुमतिपत्रको प्रतिलिपी(नवीकरण भएको), सवारी साधनको ब्लुबुकको प्रतिलिपी(नवीकरण भएको।

४. सवारी साधनको पूर्ण बिमाको प्रमाणित कागजातको प्रतिलिपी।

५. मासिक रुपमा उपलब्ध गराउने(कर सहित) दररेट खुलाइ लिखित निवेदन।

सवारी साधन भाडामा लिने सम्बन्धी शर्तहरुः

- चालु अवस्थामा रहेको, लुम्बिनी प्रदेश भित्रका (जङ्गल, खोला, बगर) बाटोमा जान सक्ने Four wheel भएको Full Body Scorpio गाडी हुनु पर्ने।
- डिजेलबाट चल्ने सवारी प्रदुषण परिक्षणमा अयोग्य नभएको ।
- गाडीको ड्युटी स्टेशन वन निर्देशनालय, बुटवलमा रहनेछ ।
- सवारी धनीले सवारी साधन उपलब्ध गराउँदा सवारी चालक सहित उपलब्ध गराउनु पर्नेछ ।
- सवारी चालक २४ सै घन्टा विदाको समयमा समेत खटिन सक्ने हुनु पर्नेछ ।
- सवारी साधनको ब्लुबुकको नवीकरण भएको हुनु पर्नेछ ।
- कुनै पनि किसिमको सवारी दुर्घटनामा नपरेको हुनु पर्नेछ ।

लुम्बिनी प्रदेश सरकार
वन तथा वातावरण मन्त्रालय
वन निर्देशनालय
बुटवल, रुपन्देही, नेपाल

२०८२।१२।२३
इश्वरी प्रसाद पौडेल
महानिर्देशक

- सवारी साधना चलाउदा सवारी दुर्घटना , भवितव्य घटनाबाट हुन सक्ने सम्पूर्ण क्षतिको जिम्मेवारी सवारी धनीले लिनु पर्नेछ ।
- सवारीको लागि आवश्यक पर्ने इन्धन कार्यालयबाट उपलब्ध गराइनेछ ।
- सवारी साधनको मर्मत सवारी धनी स्वयमले गर्नु पर्नेछ ।
- सवारी साधन भाडामा लिने अवधि बढीमा २०८३ असार मसान्तसम्म हुनेछ ।
- यसमा उल्लेख भएका विषयहरु यसै बमोजिम र उल्लेख नभएको हकमा प्रचलित आर्थिक ऐन, नियमावली अनुसार हुनेछ।
- अन्य आवश्यक कुराहरु बुझ्न पर्ने भएमा कार्यालय समयमा यस कार्यालयमा सम्पर्क गर्न सकिनेछ।
  सम्पर्क व्यक्तिः ब.ब.अ जितेन्द्र सिंह खड्का
  मोबाइल नम्बरः ९८६४४५३०९३